बैठक संख्याः ११।२०८३

बैठक मितिः २०८३।४।१८ गते, समयः दिनको २:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८३।४।१८ गते सोमवार दिनको २:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री विमला चौधरी | का.वा.वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| २ | श्री कविता बस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः ११।२०८३

बैठक मितिः २०८३।४।१८ गते, समयः दिनको २:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री राम वहादुर कटुवाल | आ.ले.प अधिकृत | | |
| ४ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |
| ५ | श्री रण वहादुर मगर | अधिकृत छैठौं | | |
| ६ | श्री मिथिलेश कुमार सन्त | अ.स.ई. | | |

<u>प्रस्तावहरू</u>

१. प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : स्थानीय दररेट तोक्ने सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : पन्ध्र शैयाको आधारभूत अस्पताल भवन हस्तान्तरण प्राप्ति सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : वसपार्कको अधुरो RCC ढलान, वडा नं.१ निर्माण सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : कार्यविधि संशोधन र तर्जुमा गर्न विधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने सम्वन्धमा ।

६. प्रस्ताव नं. ६ : कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्ने सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : घर नक्शा अभिलेखिकरण सम्वन्धमा ।

८. प्रस्ताव नं. ८ : राहत रकम उपलव्ध गराउने सम्वन्धमा ।

९. प्रस्ताव नं. ९ : सर्पदंश सेवा संचालन गर्ने सम्वन्धमा ।

१०. प्रस्ताव नं. १० : आ.व.२०८२।०८३ मा भुक्तानी हुन वाँकी फायलहरुको सम्वन्धमा ।

११. प्रस्ताव नं. ११ : सुरक्षित आवास निर्माण गर्ने सम्वन्धमा ।

<u>निर्णयहरू</u>

<u>निर्णय नं. १</u>

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्वन्धमा समीक्षा गरियो ।

<u>निर्णय नं.२</u>

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १३ मा व्यवस्था भए बमोजिम ससकोशी नगरपालिकाले आ.व. २०८३|०८४ मा संचालन गर्ने निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको दररेट मध्ये तपसिलको स्थानीय सामग्रीहरुको हकमा देहाय वमोजिमको दररेट प्रयोग गर्ने र वाँकीको हकमा ससरी जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकबाट आ.व. २०८३|०८४ को

लागि स्वीकृत भएको ससरी जिल्लाको दररेटलाई नै प्रयोग गर्ने गरी स्थानीय न्यूनतम दररेट तोक्ने निर्णय गरियो ।

<u>स्थानीय सामग्रीको दररेट</u>

| क्र.स | सामाग्रीको विवरण | एकाई | दररेट रु. |
|---|---|---|---|
| १. | बालुवा | घ.मी. | ७५० |
| २. | ढुङ्गा | | |
| | खस्रो | घ.मी. | ३८०० |
| | चिप्लो | घ.मी. | २८०० |
| ३. | गिट्टी | | |
| | फोरुवा | घ.मी. | ३३०० |
| | चालुवा | घ.मी. | २९०० |
| ४. | माटो | घ.मी. | ३५० |
| ५. | भरुवा बालुवा | घ.मी. | २५० |
| ६. | ग्राभेल | घ.मी. | १८०० |
| ७. | वास | प्रति गोटा | २५० |

<u>निर्णय नं. ३</u>

ससकोशी नगरपालिका अन्तर्गत वडा नं. ५ गंगाजलीमा पन्ध्र शैयाको आधारभूत अस्पत्ताल निर्माण गर्न ठेक्का नं. NCB/SM/HB/15 BED/01/2078/079 आव्हान भई ससकोशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ससरी र लामा कन्सट्रक्सन कम्पनी प्रा.लि., महाराजगञ्ज, काठमाण्डौं वीच मिति २०७९।१।४ गते सम्झौता भई उक्त योजना निर्माण भएको र सम्वन्धित निर्माण व्यावसायीको तर्फवाट निर्माण सम्पन्न अस्पताल भवन बुझि लिन हुन अनुरोध भई आएको सन्दर्भमा ईन्जिनियर सातौं श्री लोकेश चन्द्र पैकारा, ईन्जिनियर छैठौं श्री किशोर कुमार यादव सहितको प्राविधिक टोलिवाट मिति २०८३।४।१३ गते पेश गरेको प्रतिवेदनमा निर्माण व्यावसायी लामा कन्सट्रक्सनले मिति २०८३।३।३ गते Revised Bill ,Handover र As Built Drawing सहितको निवेदन पेश गरेकोमा कार्यालयको प्राविधिक र निर्माण व्यवसायीको प्राविधिकको संयुक्त उपस्थितिमा साईट निरीक्षण एवं बिल चेकजाँच गर्दा

बैठक संख्याः ११।२०८३
बैठक मितिः २०८३।४।१८ गते, समयः दिनको २:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

Specification, Drawing, Design बमोजिम निर्माण कार्य भएको र उक्त योजना निर्माण कार्य उदेश्य अनुरुपको प्रयोग संचालन गर्न सकिने अवस्था देखिएकोले सम्बन्धित निर्माण व्यवसायी लामा कन्स्ट्रक्सनवाट उक्त अस्पताल भवन बुझिलिन सकिने अवस्था रहेको भन्ने व्यहोरा खुलाई पेश भएकोले निर्माण व्यावसायीवाट उक्त अस्पताल भवन वुझिलिने र उक्त अस्पत्ताल भवनमा हाललाई फत्तेपुर स्वास्थ्य चौकीमा रहेको ईमर्जेन्सी वार्ड र वडा नं. ५ स्थित हालको स्वास्थ्य चौकी स्थानान्तरण गरी स्वास्थ्य सेवा संचालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

ससकोशी नगरपालिका, वडा नं. १ स्थित वसपार्कसम्मको पहुँच मार्ग वर्षादको समयमा हिलाम्ये अवस्थामा भई आवत-जावत गर्नमा समस्या भएको र अधुरो RCC ढलान गर्न आवश्यक भएकोले चालु आ.व.२०८३।०८४ मा जनतासंग मेयर कार्यक्रममा विनियोजित वजेटमध्येवाट रु.१००००००।–(दशं लाख) छुट्याई वसपार्कको अधुरो RCC ढलान, वडा नं.१ को निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

ससकोशी नगरपालिकाको सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ मा समयसापेक्ष परिमार्जन एवं संशोधन गर्न र विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यविधि, २०८३ तर्जुमा गर्न आवश्यक भएकोले उक्त कार्यको लागि विधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

ससकोशी नगरपालिका अन्तर्गतमा कार्यरत कर्मचारीहरूको तह वृद्धि/स्तर वृद्धि गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा मिति २०८३।४।१७ गते वसेको तह वृद्धि/स्तर वृद्धि सिफारिस समितिको वैठकवाट कार्यालयद्वारा मिति २०८३।०३।०५ गते स्तर वृद्धि/तह वृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना बमोजिम निवेदन पेश गरेका कागजातहरू परीक्षण गर्दा मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा (२) को क्रम संख्या ३ तथा प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम धनुषाको मिति २०८३।०३।३२ गतेको रायपरामर्श समेतको आधारमा छैंठौं तहवाट सातौं तहमा तह/स्तर वृद्धि हुन सक्ने आधार नदेखिएकोले सम्वन्धित कर्मचारीहरुलाई तह वृद्धि/स्तर वृद्धि हुने कुनै आधार/प्रमाण भए पेश गर्न मौका प्रदान गर्ने निर्णय गरियो ।

बैठक संख्याः ११।२०८३
बैठक मितिः २०८३।४।१८ गते, समयः दिनको २:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ७**

ससकोशी नगरपालिका अन्तर्गतका विना अनुमति निर्माण सम्पन्न घरहरुको घर नक्शा अभिलेखिकरण गर्ने व्यवस्था हुनको लागि सेवाग्रहीहरुवाट अनुरोध भई आएकोले २०७१ साल अगाडि निर्माण सम्पन्न भएका घरहरुको घर नक्शा अभिलेखिकरण गर्ने म्याद २०८३ साल मंसिर मसान्तसम्म थप गर्ने र घर नक्शा अभिलेखिकरणको लागि यस अगाडि नै नगरपालिकामा फायल पेश भएका घरहरुको हकमा सम्वन्धित सवैलाई सूचना सम्प्रेषण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

ससकोशी नगरपालिकामा बसोवास गर्ने व्यक्तिहरुको जंगली हातिको आक्रमणवाट वालीनाली नष्ट गरी समस्या भई राहतको लागि सम्वन्धित वडाको सिफारिस सहित आएमा नगर प्रमुखको तोक आदेश वमोजिम प्रतिव्याक्ति रु.५०००।– राहत रकम उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं.९**

ससकोशी नगरपालिका वडा नं.११ भगनीमा आ.व.२०८१।०८२ मा निर्मित सर्पदंश सेवा संचालन केन्द्रको भवनवाट सर्पदंश उपचार सेवा संचालन गर्नको लागि नेपाली सेनाको श्री वरख गण, भलुवाही व्यारेक, राजविराज, सुरक्षा वेश क्याम्प, भगनी वडा नं. ११ लाई जिम्मेवारी दिने र उक्त सर्पदंश उपचार सेवा संचालनमा आवश्यक औषधोपचार, सर्जिकल सामग्री लगायतको लजिस्टिक सहयोग ससकोशी नगरपालिकाले पुर्याउने भन्ने यस अगाडि निर्णय भएकोमा शिघ्र सर्पदंश सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

ससकोशी नगरपालिकावाट गत आ.व.२०८२।०८३ मा भुक्तानी हुन नसकी वाँकी रहेका फायलहरु र रकमको विवरण आर्थिक प्रशासन शाखा र योजना शाखावाट संयुक्त रुपमा तयार गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

ससकोशी नगरपालिका अन्तर्गत गत आ.व. २०८२।०८३ को वाँकी रहेका सुरक्षित आवास निर्माण गर्नको लागि MCDC र ह्याविट्याट नेपालसंग समन्वय गरी निर्माण कार्य अगाडि वढाउने निर्णय गरियो ।